"समृद्ध गाउँपालिका र सुखी जनता"

माईजोगमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय


रेड पाण्डा

माईजोगमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम जिल्ला कोशी प्रदेश, नेपाल २०७३

पत्र संख्याः ०८१/८२
च.नं :

नयाँबजार, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८१।०४।१३
ने.सं.: ११४४ दिल्लागा ८ आइतवार

**सहकारी संस्थाहरुका ऋणी सदस्यहरुलाई ऋण भुक्तानी गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**प्रकाशित मितिः २०८१/०४/१३**

यस माईजोगमाई गाउँपालिकामा संचालनमा रहेको विभिन्न प्रकृतिका ५१ वटा सहकारी संस्थाहरु बाट आफ्नो विधान बमोजिम सदस्यहरुलाई ऋण उपलब्ध गराएको र त्यस्ता ऋणीहरुका लागि नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग (प्रशासन तथा सहकारी प्रवर्धन शाखा) द्वारा मिति २०८१/०२/३१ गते प्रकाशित सूचना बमोजिम सहकारी संस्थाहरुबाट ऋण लिएका ऋणी सदस्यहरुले तोकिएको समयभित्र ऋणको सावाँ तथा व्याज चुक्ता नगर्दा केही संस्थाहरुमा तरलताको समस्या भई सदस्यहरुको वचत फिर्ता गर्न नसकेको र सहकारी संस्थाहरुमा सदस्यहरुको बचत रकम नै कर्जाको रुपमा प्रवाह हुने र ऋणी सदस्यहरुले समयमा नै आफुले भुक्तान गर्नुपर्ने साँवा तथा व्याज चुक्ता नगर्दा सदस्यहरुको बचत फिर्तामा नकारात्मक असर परेको हुँदा सहकारी ऐन, २०७४ को दफा ७९ तथा सहकारी नियमावली, २०७५ को नियम ३० मा सहकारी संस्थाहरुले ऋण तथा बाँकी वक्यौता असुली गर्ने सम्बन्धी व्यवस्थाहरु रहेको हुँदा प्रचलित कानुनी व्यवस्थाको पूर्ण परिपालना गरी सहकारी संस्थाहरुलाई आफ्ना सदस्यहरुको बचत समयमा फिर्ता गर्न र ऋण तथा बाँकी वक्यौता असुली गर्न सम्बन्धित सहकारीहरुलाई जानकारी गराईन्छ ।

अन्ततः गाउँपालिकाको कार्यालयद्वारा प्रकाशित सूचनालाई वेवास्ता गरी भाखा नाघेका ऋणको सावाँ, व्याज सहकारी सँगको सम्झौता अनुसार चुक्ता नगरेमा सम्बन्धित सहकारीले ऋणीको तिन पुस्ते सहित ऋणको विवरण प्रकृया पुरा गरी सम्बन्धित निकायमा सहकारी ऐन २०७४ को दफा ७९ र ८३ प्रयोगको लागी व्यक्तिको खाता, जायजेथा, स्वामित्वमा हस्तान्तरण र नामसारी बिक्री गर्न नपाउने गरी रोक्का गरी राख्न सम्बन्धित निकायलाई पत्र लेखि पठाउन सक्ने व्यवस्था हुँदा सो प्रकृयामा सहकारी जानु अघि तोकीएको भाखा अवधी भित्र ऋणको सावाँ व्याज नबुझाउने सदस्यहरुले आफ्नो संस्थाको सम्पर्कमा आई आफुले लिएको ऋणको किस्ता नियमित गर्नुहुन समेत जानकारी गर्द छौं । साथै सहकारी संस्थाका सम्पूर्ण ऋणी सदस्यहरुलाई प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवं मापदण्डको वर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त बमोजिम ऋण लिएको हो सोही बमोजिम ऋणको साँवा र व्याज लगायतका रकम सम्बन्धित सहकारी संस्थामा समयमा नै भुक्तान गरी जिम्मेवार सदस्यको दायित्व पूरा गर्नुहुन जानकारी गराईन्छ ।

अशोक लिम्बू
सहकारी शाखा प्रमुख

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०४/१३

प्रमुख प्रशासकीय अधिकृत

Phone No:- 027411044, website:- www.maijogmaimun.gov.np
Email:-maijogmaigaupalika@gmail.com